वैठक संख्या ५

मिति २०७०/०७/१४
विहान ६:०० बजे

उपस्थिती

श्री भोजराज खतिवडा कार्यकारी अधिकृत धरान नगरपिलका कार्यालय

आज मिति २०७०/०७/१४ गते धरान नगरपालिका कार्य संचालन समिति वोर्ड वैठक वसी तपसिलको निर्णय गरियो ।

नागरिकताको सिफारिस गर्ने सम्वन्धमा :- धरान नगरवासीलाई सरल सुलभ र छिटो सेवा सुविधा उपलब्ध गराउने सन्दर्भमा नगरवासीहरुले सार्वजनिक सुनुवाई कार्यक्रममा दिईएको सुझाव वमोजिम नागरिकता प्राप्त गर्न ऐनले तोकिए बमोजिम नागरिकता ऐन २०६३ अनुसार नागरिकताको सिफारिस स्थानीय निकायले गर्ने ब्यवस्था भए अनुसार मिति २०७०/०८/०१ देखि लागु हुने गरी छोराछोरीको हकमा आमा / बुबाको र श्रीमतीका हकमा बाबु / आमा वा नाताखुल्ने परिवारको अन्य सदस्य तथा पतिको नागरिकता भएको र नीजहरुले सनाखत गर्न सक्ने र स्थायी बसोवास भएका धरान नगरवासीहरुलाई सम्वन्धित वडा सचिवले नागरिकता नियमावली अनुसार अनुसुची भरी आवश्यक कागजातको रेकर्ड राखी सिफारिस सम्वन्धित निकायमा पठाउने अधिकार सम्वन्धित वडा सचिवलाई नै अर्को ब्यबस्था नभए सम्मलाई दिने निर्णय गरियो ।आमा / बुबा वा नाताखुल्ने परिवारको अन्य सदस्य तथा पतिवाट सनाखत हुन नसक्ने अंगिकृत र अन्य प्रकृतीका अनुसुचीको हकमा नगरपालिकामा सिफारिस गरी पठाउनु पर्ने समेत निर्णय गिरयो ।

आजको वोर्ड वैठक १० वजे समापन गरियो ।

माईन्युटकर्ता भक्तीराज शर्मा सुचना अधिकृत